नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सिन्धुपाल्चोक

☎: ०११-६२०१०६
☎: ०११-६२०१३३
फ्याक्स : ०११-६२००८४
Email: daochautara@gmail.com
daosindhupalchok@gmail.com

पत्र.संख्या प्र.०७७/७८

चौतारा

# प्रेस विज्ञप्ती

प्रस्तुत विषयमा मिति २०७८/०३/०१ गते परेको अविरल बर्षाको कारण यस जिल्लाको हेलम्बु गा.पा. वडा नं. १ नाकुत्ते भन्दा ५०० मिटर माथिको भुभागबाट गएको भिषण पहिरोका कारण मेलम्ची नदी थुनिए पश्चात उक्त थुनिएको बाँध फुटनगई नदीको बहाव बढी हेलम्बु र मेलम्ची क्षेत्रमा क्षति पुर्याई मानिसहरु विस्थापित तथा बेपत्ता भएकोमा आज मिति २०७८/०३/०३ गते उक्त स्थानमा यस जिल्लाका प्रमुख जिल्ला अधिकारी, नेपाली सेनाको गोरखबक्स गणका गणपति, जिल्ला प्रहरी कार्यालयका प्रमुख, सशस्त्र प्रहरी बल नेपाल नं.१६ गणका गणपती र राष्ट्रिय अनुसन्धान जिल्ला प्रमुख समेतको उपस्थितमा नेपाली सेना नेपाल प्रहरी सशस्त्र प्रहरी र स्थानीय पालिकाका बासिन्दाहरुबाट खोज, उद्दार, राहत वितरण, बसोबासको व्यवस्थापन र औषधीउपचारको कार्य भईरहेको व्यहोरा अनुरोध छ । उक्त बाढीको कारणबाट हालसम्म प्राप्त घटनाको विवरण निम्नानुसार भएको व्यहोरा अनुरोध छ ।

निम्नः

१. खटिएको जनशक्ती

(क) नेपाली सेनाः नं. २६ बाहिनीको बाहिनीपतिको कमाण्डमाः

१) काली जंग गणको खोज तथा उद्दार टोली चनौटे १/३८ जना

२) गोरख बक्स गण चौताराबाट तिम्बुमा १/२९ जना

३) काली जंग गणको टोली मेलम्चीमा १/३४ जना

४) गोरख बक्स गण चौताराबाट मेलम्चीमा १/२९ जना

५) नेपाल आर्मी हेली चनौटे-हेलम्बु १/७ जना

(ख) प्रहरी कर्मचारीः

१) जि.प्र.का.बाट प्र.उ.को कमाण्डमा ५ जना

२) जि.प्र.का.सि.पा.बाट प्र.ना.उ.को कमाण्डमा १५ जना

३) ई.प्र.का.मेलम्चीबाट प्र.नि.को कमाण्डमा २० जना

४) ई.प्र.का.हेलम्बुबाट प्र.ना.नि.को कमाण्डमा ८ जना

५) प्र.चौ.तालामाराङबाट प्र.स.नि.को कमाण्डमा ५ जना

६) विपद व्यवस्थापन गुल्म हेटौडाबाट प्र.ना.नि.को कमाण्डमा २५ जना

(ग) सशस्त्र प्रहरी बलः

१) १६ नं.गण बन्देउबाट स.प्र.उ. अर्जुन खत्रीको कमाण्डमा मेलम्चीमा ६१ जना

२) खानेपानी सुरक्षा बेश मेलम्चीबाट स.प्र.नि. सानुकान्छा त्वानाबासुको कमाण्डमा मेलम्चीमा २९ जना

३) स.प्र.ना.नि. भुपाल खत्रीको कमाण्डमा मेलम्चीमा १५ जना

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
सिन्धुपाल्चोक
☎: ०११-६२०१०६
☎: ०११-६२०१३३
फ्याक्स : ०११-६२००८४
Email: daochautara@gmail.com
daosindhupalchok@gmail.com

पत्र संख्या प्र.०७७/७८ चौतारा

४) स.प्र.ना.नि विनोद थापाको कमाण्डमा हेलम्बुमा १५ जना

५) स.प्र.ना.नि. किरण नेपालको कमाण्डमा हेलम्बुमा १५ जना

२. खोलाको बहाब बढेको कारण प्रहरी कार्यालयहरु जोखीममा रहेको सम्बन्धमा:-

मिति २०७८।०३।०१ गते अं. १९:३० बजेको समयमा जि.सि.पा. हेलम्बु गा.पा. ०२ स्थित रहेको ई.प्र.का. हेलम्बुको भवन नजिकै रहेको मेलम्ची खोलामा पानीको वहाव बढ्न गई भवनमा प्रत्यक्ष रुपमा असर पारेको कारणले ई.प्र.का. मा कार्यरत सम्पुर्ण प्रहरी कर्मचारीहरु ऐ. गा.पा. ०१, ०२ र ०४ स्थित जोखिममा रहेका अं. २५० घर धुरीका मानिसहरु सहित सुरक्षित स्थानमा गई बसेकोमा मिति २०७८।०३।०२ गते राती ००:३० बजेको समयमा सम्पुर्ण हातहतियार, असवावका सामान र संचार साधनहरु ई.प्र.का. बाट निकाली ऐ. ०२ किउल स्थित रहेको मेगा बैङ्को भवनमा सरेकोमा आज मिति २०७८।०३।०३ गते ऐ -२ क्युल स्थित भाडाको घरमा बसेको।

साथै, मिति २०७८।०३।०१ गते अविरल परेको बर्षाको कारण अं. २२:३० बजेको समयमा जिल्ला सिन्धुपाल्चोक मेलम्ची न.पा. ०६ तालामाराङ स्थित रहेको प्र.चौ.तालामाराङको भवन मेलम्ची खोलाको बहाव बढ्दा जोखिममा रहेको कारणले वरीपरीका अं. २५ घर परिवार र उक्त चौकीमा कार्यरत प्र.स.नि. १, प्र.ह.२, प्र.ज.२ जना गरी जम्मा ५ जना चौकीमा रहेको हातहतियार, संचार साधन र असवावका सामानहरु सहित ऐ. ०६ स्थित रहेको श्री तेर्से मा.वि. को होस्टलमा सरेको ।

साथै ऐ. मितिमा परेको अविरल बर्षाको कारण ऐ. गा.पा.-१ अम्बाथान स्थित सशस्त्र प्रहरी बल नेपाल, खानेपानी आयोजना अस्थायी सुरक्षा पोष्ट बाढीले बगाए पश्चात ऐ.गा.पा-१ तिम्बु स्थित गोल्मा देवी मा.वि.को भवनमा बसेको ।

३. लाश फेला परेको सम्बन्धमा:

- मृतक-३ जना
  1. गोङ टियान छियो (चिनियाँ नागरिक) सिन्धुपाल्चोक जिल्ला इन्द्रावती गा.पा.-११ बदेरी स्थित ईन्द्रवती खोलाको किनारमा भेटिएको ।
  2. यु चि झु (चिनियाँ नागरिक) - सिन्धुली जिल्ला सुनकोशी गा.पा.५ मुलकोट स्थित सुनकोशी नदीको किनारमा भेटिएको ।
  3. कमल लोचन महतो (भारतीय नागरिक) - सिन्धुली जिल्ला सुनकोशी गा.पा. ७ कानदुड्ग्री स्थित सुनकोशी नदीको किनारमा भेटिएको ।

०७८।३।३
राती ५:००

(२)

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सिन्धुपाल्चोक
☎: ०११-६२०१०६
☎: ०११-६२०१३३
फ्याक्स : ०११-६२००८४
Email: daochautara@gmail.com
daosindhupalchok@gmail.com

पत्र.संख्या प्र.०७७/७८

चौतारा

४. सम्पर्कमा नआएका मानिसहरुको विवरण

| सि.नं. | नामथर | उमेर | लिङ्ग | ठेगाना |
|---|---|---|---|---|
| १ | माधव भण्डारी | ३१ | पुरुष | जि.सि.पा. हेलम्बु गा.पा. ०२, किउल |
| २ | गणेश ज्योती | ४२ | पुरुष | जि.सि.पा. हेलम्बु गा.पा. ०२, चुरेटार |
| ३ | टिकामाया खड्का | ६६ | महिला | जि.सि.पा. हेलम्बु गा.पा. ०२, पाल्चोक शेरा |
| ४ | ज्ञानेन्द्र कक्षपती | ५५ | पुरुष | जि.सि.पा. हेलम्बु गा.पा. ०२, चनौटे |
| ५ | सुरेन्द्र नेपाल | २३ | पुरुष | जि.सि.पा. चौतारा साँगाचोकगढी न.पा. |
| ६ | च्याङा तामाङ | ५० | पुरुष | जि.सि.पा. हेलम्बु गा.पा. ०६, किउल पारी |
| ७ | काली तामाङ | ४२ | महिला | जि.सि.पा. हेलम्बु गा.पा. ०६, किउल पारी |
| ८ | साईली तामाङ | ५० | म | हेलम्बु गा.पा.३ चनौटे |
| ९ | रेशम लाल सार्की | | पु. | तनहु आबुखैरेनी-१ |
| १० | होमराज घिमिरे | ५२ | पु. | खामलालुङ-९ तेह्रथुम |
| ११ | बिजय बासुमन्तरी | | पु. | भारत |
| १२ | जिनडाओ बासुमन्तरी | | पु. | भारत |
| १३ | सन यु चुवान | | | चिन |
| १४ | सुनिल तामाङ | ४५ | पु. | हेलम्बु गा.पा-१ |
| १५ | पुर्ण तामाङ | ३५ | पु. | हेलम्बु गा.पा-१ |
| १६ | कामी तामाङ | ५० | पु. | हेलम्बु गा.पा-१ |
| १७ | नोर्की तामाङ | ८० | म. | हेलम्बु गा.पा.१ |
| १८ | गीता थापा | २० | म. | जुगल गा.पा |
| १९ | सुदिप थापा | ९ | पु. | जुगल गा.पा. |
| २० | तस्विर तामाङ | १० | पु | हेलम्बु गा.पा-१ |

५. उद्दार तथा सम्पर्कमा आएका व्यक्तिहरु

| सि.नं. | नामथर | उमेर | लिङ्ग | ठेगाना |
|---|---|---|---|---|
| १ | बिमल खत्री भन्ने देव खत्री | १९ | पु. | जि. सि.पा त्रिपुरासुन्दरी-१ घोर थली |
| २ | राम थापा | १७ | पु. | जि. सि.पा त्रिपुरासुन्दरी-१ घोर थली |
| ३ | सुत्रास जिरेल | १६ | पु. | जि. सि.पा त्रिपुरासुन्दरी-१ घोर थली |
| ४ | कमल खत्री | १६ | पु. | जि. सि.पा त्रिपुरासुन्दरी-१ घोर थली |



०७८/३/३
प्र. प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सिन्धुपाल्चोक

☎: ०११-६२०१०६
☎: ०११-६२०१३३
फ्याक्स : ०११-६२००८४
Email: daochautara@gmail.com
daosindhupalchok@gmail.com

पत्र संख्या प्र.०७७/७८

चौतारा

- मिति २०७८।०३।१ गते रातीको समयमा पानी परि ब्रह्मायणी नदी बाढि आई जुगल गा.पा.१ कुम्भेश्वर देउराली स्थित रहेको निर्माणधिन मुन लाईट हाईड्रो पावरको क्यानल अं.३५ मिटरको नहर, १ वटा स्काभेटर ,१ मिक्सर मिशिन ,कम्प्रेसर मिशिन थान १,कङक्रिट पम्प थान १ समेत बगाई क्षेति भएको भन्ने खबर आज मिति २०७८।०३।०३ गते जानकारी प्राप्त ।

९. प्राप्त राहत सामाग्री

| मिति | व्यक्ति संघ/संस्था | सामाग्री | कैफियत |
|---|---|---|---|
| २०७८/३/२ | गृह मन्त्रालयको अनुरोधमा विश्व खाद्य कार्यक्रम ललितपुरबाट प्राप्त | १०० टेन्ट ,२५० त्रिपाल तथा ५० स्लिपिङ ब्याग प्राप्त भएको । | नेपाली सेनाको कालिजंग गणको सुरक्षा गुल्ममा भण्डारण गरेको |
| २०७८/३/२ | बागमती प्रदेश सामाजिक बिकास मन्त्रालय बाट | चामल-४८ बोरा,नुन-२ बोरा,चाउचाउ-५५ कार्टुन,चिउरा-२३ बोरा,तेल-१० कार्टुन,दाल-५ बोरा । | ऐ |
| २०७८/३/३ | एभिन्युज,TV श्री कृष्ण प्रणामी,नवदुर्गा पाटी प्यालेस , हर्क गुरुङ ,श्याम के.सि द्वारा हस्तानतरण | चामल-४३ बोरा, दाल-५ बोरा, नुन-१०० के.जि. खाने तेल-५० लिटर, चना-२ बोरा,चिउरा-२ बोरा,साबुन, पेस्ट र ब्रस-३०० थान,मास्क -१५०० पिस, डस्ना-१५ थान,कम्बल-५० थान, कपडा-१५० थान, चाउचाउ-४ कार्टुन, बिस्कुट १५ दर्जन,म्याट्रेस-१० थान, सिरानि-५ थान,त्रिपाल-२४ पिस । | ऐ |
| २०७८/३/३ | मा. अरूण नेपाल राहत अभियानको संयोजकत्वमा सिन्धुपाल्चोक सम्पर्क मन्च सहिदको संझनामा पुर्व मन्त्री अमृत कुमार बोहरा बाट प्राप्त | चामल-१०० बोरा,दाल-४ बोरा, खानेतेल-५ कार्टुन, नुन-२ बोरा,त्रिपाल-५६ थान । | ऐ |
| २०७८/३/३ | रिमा सेवा समाज गल्फुटार काठमाण्डौ बाट प्राप्त | चामल-१५ बोरा, दाल-३०बोरा, खानेतेल-२ कार्टुन, ब्ल्याङकेट-२९ थान, मास्क -२०० पिस, | ऐ |
| २०७८/३/३ | आर.एल.सप्लाएर्स मध्य बानेश्वर काठमाण्डौ, लक्ष्मी खड्का थापा | बिस्कुट-२५० , फ्रुटि ५कार्टुन , पानी-३ कार्टुन | ऐ |



प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सिन्धुपाल्चोक

☎: ०११-६२०१०६
☎: ०११-६२०१२३
फ्याक्स : ०११-६२००८४
Email: daochautara@gmail.com
daosindhupalchok@gmail.com

पत्र.संख्या प्र.०७७ ७८

चौतारा

६. घाइतेहरुको संख्या- २ (२ चिनिया नागरिक र १ भारतीय नागरिक वि एण्ड वि अस्पतालबाट उपचार पश्चात फिर्ता)

७. उद्दार गरेको संख्या - ८४

८. भौतिक क्षतिको विवरण

| सि.नं. | क्षतिको विवरण | संख्या | ठेगाना |
|---|---|---|---|
| १ | झोलुंगे पुल | १० | हेलम्बु गा.पा. १ र ६ जोड्ने |
| | | | हेलम्बु गा.पा. २ र ६ जोड्ने |
| | | | हेलम्बु गा.पा.१ झिउरीखर्क |
| | | | हेलम्बु गा.पा. १ |
| | | | मेलम्ची न.पा. १ तिपेनि जाने पुल |
| | | | जुगल गा.पा -३ स्थित रहेको नेस्म खोलामा-१ वटा |
| | | | जुगल गा.पा-३ दिपु बाट तेम्बाथान जाने झोलुङ्गेपुल -१ वटा बगाएको |
| | | | सि.पा पाँचपोखरी गा.पा -२ स्थित याङरीमा २ वटा र ऐ. गा.पा-३ लार्केमा -१ गरी ३ वटा झोलुङगेपुल बगाएको |
| २ | पक्की पुल | ६ | हेलम्बु गा.पा.१ टिम्बु |
| | | | हेलम्बु गा.पा.१ हल्दे |
| | | | हेलम्बु गा.पा.१ नागोटे |
| | | | मेलम्ची न.पा.१० र ११जोड्ने |
| | | | जिल्ला सि.पा पाचपोखरी गा.पा-२ स्थितमा मेलम्ची खानेपानिद्वारा निर्माणाधिन २ वट पक्की पुल बगाएको |
| ३ | ट्राउट माछा फर्म | ७ | हेलम्बु गा.पा. ७ |

(४)

०७८।३।२
राती ९:०० 

स. प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सिन्धुपाल्चोक
☎: ०११-६२०१०६
☎: ०११-६२०१३३
फ्याक्स : ०११-६२००८४
Email: daochautara@gmail.com
daosindhupalchok@gmail.com

पत्र.संख्या प्र.०७७/७८

चौतारा

१०. राहत उद्दार उडान सम्बन्धी:

नेपाली सेनाको 9N-RAN (Augusta) र NA-058(Augusta)द्वारा निम्न राहत सामाग्रीहरु हेलम्बु गा.पा-२ को किउल स्थित पशु सेवा केन्द्रको भवनमा स्टोर गरीएको ।

चाईनिज पाल- १० थान,त्रिपाल-१० थान, पाल-७ थान ,ब्ल्याङकेट- ५० थान,सिल्पिङ ब्याग - २० थान ,लत्ता - कपडा- २ बोरा, चामल-८७५ के.जि , दाल- १ बोरा, खाने तेल-३ काटुन, नुन- ३० के.जि,चाउचाउ-१५ काटुन, चिउरा- ५ बोरा ।

नोटः भण्डारण गरिएको सामाग्री मध्ये कतिपय सामाग्रीहरु स्थानीय हेलम्बु गा.पा. को उपाध्यक्ष, स्थानीय पदाधिकारी र नेपाल प्रहरीको रोहबरमा स्थानीय बासीन्दाहरुलाई बितरण गरी बाकीं रहेका राहत सामाग्री सोहि पशु सेवा केन्द्रको भवनमा नेपाली सेनाको सुरक्षामा रहेको । राहत सामाग्री वितरण सम्बन्धी पुर्ण विवरण पछिल्लो प्रतिवेदनमा अध्यावधिक गरीने छ ।

राती ९:०० बजेसम्मको अद्यावधिक

(बाबुराम खनाल)
स.प्र.जि.अ
ह. प्रमुख जिल्ला अधिकारी

(५)